# त्रियुगा नगरपालिका

## उदयपुर, गाईघाट

## कोशी प्रदेश, नेपाल

# त्रियुगा नगर राजपत्र

## दलित सशक्तिकरण र विकास ऐन, २०८०


**त्रियुगा नगरपालिका**

**उदयपुर, गाईघाट**

**कोशी प्रदेश, नेपाल**

# त्रियुगा नगरपालिका

जिल्लाःउदयपुर, कोशी प्रदेश, नेपाल

# त्रियुगा नगर राजपत्र

भागः १, बर्षः ७, अङ्कः ८, २०८० फाल्गुण २२, मङ्गलबार


## दलित सशक्तिकरण र विकास ऐन, २०८०

**प्रस्तावना**

नेपालको संविधान धारा २४ को छुवाछुत तथा भेदभाव विरूद्धको हक, धारा ४० को दलितको हक, धारा ४२ सामाजिक न्यायको हक र जातिय तथा अन्य सामाजिक भेदभाव (कसुर र सजाय) ऐन २०६८ को प्रावधानलाई आत्मसात गर्दै, जात व्यवस्थाका कारण दलित समुदायमाथि हुने छुवाछुत तथा जातिय भेदभाव र यसले सृजना गरेका अन्याय, अत्याचार, जातिय हिंसा र असमानताको सार्थक एवम् व्यवहारिक अन्त्य र उनीहरूका मौलिक हक, आधारभुत मानव अधिकार र सामाजिक न्यायको सुनिश्चितताका लागि समानुपातिक समावेशी सिद्धान्तको आधारमा राजनितिक एवम् आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण अभ्यास र उपभोगका लागि सक्षम सवल र सक्रिय बनाउने हेतु त्रियुगा नगरपालिकाका दलित समुदायको अधिकार प्रवर्द्धन, सशक्तिकरण र विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा १ ले दिएको अधिकार प्रयोग गरी त्रियुगा नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "दलित सशक्तिकरण र विकास ऐन २०८०" रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागु हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले दलित सशक्तिकरण र विकास ऐन, २०८० लाई सम्झनु पर्नेछ।

(ख) "संविधान" भन्नाले नेपालको संविधान, (२०७२) लाई सम्झनु पर्नेछ।

(ग) "आयोग" भन्नाले राष्ट्रिय दलित आयोगलाई सम्झनु पर्छ।

(घ) "कसुर" भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ तथा जातिय तथा अन्य सामाजिक भेदभाव (कसुर र सजाय) ऐन, २०६८ बमोजिमको अपराधलाई सम्झनु पर्छ।

(ङ) "संहिता" भन्नाले मुलुकी अपराध संहिता ऐन, २०७४ लाई सम्झनु पर्छ।

(च) "दलित समुदाय" भन्नाले राष्ट्रिय दलित आयोगले अनुसुचित गरेका र आयोगको सिफारिसमा नेपाल सरकारले दलित भनि परिभाषित र सुचिकृत गरेका समुदायलाई सम्झनु पर्छ।

(छ) "जातिय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव" भन्नाले सार्वजनिक तथा निजी दुवै स्थानमा जात, जन्म, वंश, वर्ण वा पेशाका आधारमा गरिने कुनै पनि प्रकारको भेदभाव, बहिष्करण, अस्वीकार, प्रतिबन्ध, निषेध, शोषण, दमन, निष्काशन, नाकाबन्दी वा छुवाछुतजन्य व्यवहार, असहिष्णुता वा अवहेलना एवम् जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्यलाई सम्झनुपर्छ।

(ज) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसुचि ४ बमोजिम कोशी प्रदेशमा समेटिएका जिल्लाहरूलाई रूओगटेको नेपालको संघीय इकाइको क्षेत्र, भुभाग र स्वरूपलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश सरकार" भन्नाले कोशी प्रदेश सरकारलाई सम्झनु पर्दछ।

(ञ) "स्थानीय तह" भन्नाले प्रदेश अन्तर्गतका गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्दछ।

(ट) "स्थानीय सरकार" भन्नाले कोशी प्रदेश अन्तर्गत रहेका स्थानीय सरकारलाई सम्झनु पर्दछ।

(ठ) "पालिका" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका समेतलाई सम्झनु पर्दछ।

(ड) "सार्वजनिक स्थान" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचिन स्मारक, सार्वजनिक स्थल, पाटी-पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान-बगैंचा, कुनै पनि किसिमको धार्मिक स्थल जस्ता सार्वजनिक प्रयोजनमा रहेका स्थान सम्झनुपर्छ र सो शब्दले सार्वजनिक रूपमा वस्तु वा सेवा बिक्रीवितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ।

(ढ) "सार्वजनिक सेवा" भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, सार्वजनिक संस्था, यातायात, औद्योगिक वा शैक्षिक प्रतिष्ठान, कम्पनी, फर्म, पसल, होटल, रिसोर्ट, लज, रेष्टुरेण्ट, क्याफे, सिनेमा हल वा नाचघर सम्झनुपर्छ र सो शब्दले कुनै पनि सरकारी वा गैर सरकारी निकायबाट प्रदान गरिने सार्वजनिक प्रयोग वा उपयोगका कुनै पनि सेवा सुविधा समेतलाई जनाउनेछ।

(ण) "सार्वजनिक समारोह" भन्नाले भोज-भतेर, पुजा-पाठ, यज्ञ, अनुष्ठान, जन्म, नामाकरण, विवाह, मृत्यु जस्ता जुनसुकै प्रकारका धार्मिक सामाजिक सांस्कृतिक समारोह सम्झनुपर्छ।

(त) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले संविधान र अन्य प्रचलित कानुन बमोजिम कुनै सार्वजनिक अख्तियारी प्रयोग गर्न पाउने वा कुनै कर्तव्य पालन गर्नुपर्ने वा दायित्व निर्वाह गर्नुपर्ने पदमा बहाल रहेको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सार्वजनिक संस्था, गैरसरकारी संस्था तथा स्थानीयस्तरमा गठन भएको अनौपचारिक समिति समेतको कुनै पदमा बहाल रहेको पदाधिकारी वा कर्मचारी समेतलाई जनाउँदछ।

(थ) "दलित उत्थान विकास समिति" भन्नाले दफा ३ बमोजिम गठन हुने समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## दलित उत्थान विकास समिति सम्बन्धी व्यवस्था

३. त्रियुगा नगरपालिका दलित उत्थान विकास समिति

(१) स्थानीय स्तरमा दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण, विकास, जातिय विभेद तथा छुवाछुतका घटनाहरूलाई नियन्त्रण गर्न तथा निगरानी गर्न नगर प्रमुखले आफ्नो अध्यक्षतामा देहायका सदस्य रहने गरी एक दलित उत्थान विकास समिति गठन गर्नु पर्नेछ:

(क) नगरपालिकाको नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - उपाध्यक्ष

(ग) कार्यपालिका दलित सदसस्यहरू मध्येबाट नगर प्रमुखबाट मनोनयन एक जना - उपाध्यक्ष

(घ) नगरपालिकाको कार्यपालिकामा प्रतिनिधित्व गर्ने दलित सदस्य मध्ये १ जना - सदस्य

(ङ) स्थानीय दलित महिला वडा सदस्यहरूमध्येबाट नगरपालिकाको नगर प्रमुखले नियुक्त गरेका २ जना - सदस्य

(च) नगरपालिका भित्रका माध्यमिक विद्यालय वा क्याम्पसका प्रमुखमध्ये नगर प्रमुखले नियुक्त गरेका १ जना - सदस्य

(छ) स्वास्थ्य शाखा वा अस्पतालका प्रमुखमध्ये नगर प्रमुखले तोकेका १ जना - सदस्य

(ज) दलित अधिकारको क्षेत्रमा कम्तिमा ५ वर्षदेखि कार्य गर्दै आएका दलित समुदायको व्यक्तिमध्ये नगर कार्यपालिकाले मनोनित गरेको १ जना महिला र १ जना तराई/मधेशी गरी २ जना - सदस्य

(झ) सामाजिक संघसंस्था मध्येबाट नगर प्रमुखले तोकेका १ जना - सदस्य

(ञ) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ट) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी - सदस्य-सचिव

(२) उपदफा (१) को देहाय (ख) र देहाय (ग) बमोजिमको सदस्यहरूको पदावधी ५ वर्षको हुनेछ र निजहरू पुन:नियुक्त हुन सक्नेछन्।

(३) समितिले आवश्यक देखेमा आफ्नो स्थानीय तहको सम्बन्धित सरोकारवाला निकाय, व्यक्ति वा कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछन् ।

(४) समितिको कार्यालय नगरपालिकाको कार्यालय सामाजिक विकास शाखामा रहनेछ ।

**४. त्रियुगा नगरपालिका दलित उत्थान विकास समितिको काम, कर्तव्य र अधिकार**

(१) यस ऐनको दफा ३ बमोजिम गठित स्थानीय दलित उत्थान विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दलितको सशक्तिकरण तथा विकास गर्नका लागि आवश्यक नीति, कार्यक्रम तथा बजेटको बारेमा छलफल गरी समितिबाट पारित गरी नगरपालिकाको नगर सभामा प्रस्तुत गर्ने ।

(ख) प्रत्येक वडालाई दलितको सशक्तिकरण तथा विकासका लागि आवश्यक नीति, कार्यक्रम र बजेट छुट्याउन प्रेरित गर्ने र सहजिकरण गर्ने ।

(ग) जातिय विभेद तथा छुवाछुत न्युनिकरण गर्दै त्यसलाई निर्मुल गर्नको लागि आवश्यक नीति, योजना, कार्यक्रम तथा बजेटको व्यवस्था गर्ने ।

(घ) जातिय विभेद तथा छुवाछुतको व्यवहारिक अन्त्यको लागि आवश्यक प्रवर्द्धनात्मक, निरोधात्मक तथा प्रोत्साहनात्मक कार्यहरू गर्न तथा गराउन अभिप्रेरित गर्ने ।

(ङ) अन्तर जातिय विवाह तथा अन्तर जातिय सहभोजबाट सामाजिक अन्तरघुलनलाई अभियानको रूपमा सञ्चालन गर्दै प्रत्येक वडालाई जातियविभेद तथा छुवाछुत मुक्त वडा घोषणा गर्दै सम्पूर्ण पालिकालाई नै जातियविभेद तथा छुवाछुत मुक्त पालिका घोषणा गर्न आवश्यक तयारी, पूर्वाधार, कार्यक्रम र त्यसको दिगोपनको समेत कार्यक्रम बनाई घोषणा गर्ने यसका लागि सुचक सहितको कार्यविधि बनाई लागु गर्ने ।

(च) जातियविभेद तथा छुवाछुत मुक्त पालिका घोषणा भईसकेपछि त्यसको दिगोपनको अनुगमन मूल्यांकन गरी आवश्यक कार्यहरू गर्दै जाने ।

(छ) नेपाल राष्ट्र पक्ष भएका सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५, मानव अधिकार सम्बन्धी महासन्धि विश्वव्यापी आवधिक प्रतिवेदन लगायत अन्तराष्ट्रिय महासन्धि घोषणा

प्रतिवद्धताको आफ्नो पालिकामा भएको कार्यान्वयनको र दलितहरूको आर्थिक, सामाजिक तथा राजनैतिक अधिकारहरूको सुनिश्चितताको लागि आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

(ज) संयुक्त राष्ट्र संघीय दीगो विकास लक्ष हासिल र कसैलाई पछाडी नछोडौं “Live No One Behind” भन्ने सुनिश्चित गर्न आवश्यक नीति योजना तथा कार्यक्रम बनाई लागु गर्ने ।

(झ) हरेक वडाले दलितको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाको प्रतिबिम्ब हुने तथ्याङ्क लिने तथा त्यसलाई अद्यावधिक गर्दै जाने ।

(ञ) दलितहरूको परम्परागत सीप, तथा पेशाको आधुनिकीकरण, सम्बर्द्धन तथा प्रवर्द्धन सशक्तिकरणका लागि आवश्यक नीति, कार्यक्रम र बजेट बनाउने र लागु गर्ने आवश्यक भुमिका खेल्ने ।

(ट) स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनका लागि गर्नुपर्ने आवश्यक अन्य कार्य गर्ने ।

(ठ) पालिकामा जातियविभेद तथा छुवाछुतका घटना घटेमा त्यसको अनुगमन गरी पीडकलाई सजाय र पीडितलाई विना हस्तक्षेप न्याय दिलाउन कानून बमोजिम गराउन आवश्यक पहल गर्ने ।

(ड) पीडित उच्च हिंसामा परी सुरक्षा दिनुपर्ने अवस्था देखिए अन्य निकायसंग समन्वय गरी सुरक्षा तथा रेखदेख गर्ने ।

(ढ) पालिका स्तरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दलित सम्बन्धी संघसंस्थाहरूले कार्यक्रमको संञ्चालन गर्दा समितिसँग स्वीकृति र समन्वय गरी गर्नु पर्दछ ।

(ण) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने ।

(२) अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. दलित उत्थान विकास समितिको बैठक तथा कार्यविधि**

(क) समितिको बैठक कम्तिमा दुई महिनामा एक पटक बस्नेछ ।

(ख) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्नेछ उक्त बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(ग) समितिको बैठक बस्ने सूचना अध्यक्षसंग समन्वय गरी उपाध्यक्षको निर्देशनमा समितिको सदस्य सचिवले सदस्यहरूलाई पठाउनु पर्नेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(ङ) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी, प्राविधिक वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछन् ।

(च) समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(छ) समितिको बैठक सम्बन्धी अन्य नीति, निर्देशिका तथा कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(ज) समितिको लागि आवश्यक आर्थिक भौतिक तथा प्राविधिक साधन र स्रोत नगरपालिका कार्यालयले व्यवस्थापन गर्नुपर्नेछ ।

(झ) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

**६. कोषको व्यवस्था**

(१) दलित उत्थान विकास समितिको प्रयोजनको लागि एक छुट्टै कोष हुनेछ । उक्त कोषमा देहाय बमोजिमको रकम जम्मा गरी खर्च गरिनेछ ।

(क) संघीय, प्रदेश र त्रियुगा नगरपालिकाले प्रदान गरेको अनुदान, सहयोग वा कार्यक्रम सञ्चालन गर्न प्रदान गरिएको रकम,

(ख) विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय दातृ निकाय व संघ संस्थाहरूबाट प्राप्त रकम,

(ग) विविध

**७. कर्मचारीको व्यवस्था**

दलित अधिकार प्रवर्द्धन, सशक्तिकरण तथा विकास समितिले आफ्नो प्रयोजनको लागि स्थानीय तहमा अधिकृतस्तरका कर्मचारीको मातहतमा अन्य आवश्यक कर्मचारीको व्यवस्था गर्नेछ ।

## परिच्छेद-३
## शिक्षा सम्बन्धी व्यवस्था

**८. दलित समुदायलाई निःशुल्क शिक्षा**

(१) नेपालको संविधानको धारा ३१ र धारा ४० (२) र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार त्रियुगा नगरपालिकाले प्रत्येक दलित विद्यार्थीलाई प्राथमिकतहदेखि उच्च माध्यमिक सम्म अनिवार्य, गुणस्तरीय र छात्रवृती सहित निःशुल्क शिक्षाको व्यवस्थापन र कार्यन्वयनका लागि देहाय बमोजिमको कार्य गर्नेछ ।

(क) उपदफा (१) बमोजिम छात्रवृती सहित निःशुल्क उच्च शिक्षाको लागि नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्ने गराउने ।

(ख) उपदफा (१) बमोजिम आधारभूत तहदेखि उच्च माध्यमिक तहसम्म छात्रवृती सहित अनिवार्य, गुणस्तरीय र निःशुल्क शिक्षाका लागि नगरपालिकाको नीति, योजना र कार्यक्रम बनाई लागू गर्नुपर्नेछ । उक्त कार्यक्रमको दलित समितिले अनुगमन गर्नेछ ।

(ग) संघीय सरकार तथा प्रदेश सरकारले प्रदान गर्ने छात्रवृती कार्यन्वयन गर्नुका साथै त्रियुगा नगरपालिकाले प्रदान गर्ने दलित विद्यार्थीलाई स्नातकदेखि विद्यावारिधीसम्म अध्ययन गर्न छुट्टै छात्रवृती सम्बन्धी कार्यविधि बनाएर कार्यन्वयन गर्नेछ ।

(घ) त्रियुगा नगरपालिकाले प्राविधिक शिक्षा तर्फ इन्जिनियर, कृषि, डाक्टर, कानून, पत्रकारिता, संस्कृत शिक्षा पढ्न चाहने दलित विद्यार्थीको लागि विशेष कार्यक्रम ल्याउनेछ । स्नातक तहदेखि अध्ययन गर्ने दलित विद्यार्थीलाई मासिक निर्वाह भत्ता, पाठ्यपुस्तक, ट्युसन शुल्क र पोशाक समेत उपलब्ध गराई निःशुल्क अध्ययनको व्यवस्था गर्नेछ । यो व्यवस्था लागु गर्दा आर्थिक रूपमा कमजोर विद्यार्थीका वर्गिकरण गरी पुरै वा आँशिक छात्रवृत्तिको व्यवस्था गर्नेछ । नगरपालिकाले पुरै वा आँशिक छात्रवृत्तिबाट अध्ययन सम्पन्न गर्ने व्यक्तिहरूलाई आफ्नै पालिकामा सेवा गर्न प्रोत्साहित गर्नका लागि आवश्यक कार्यविधि बनाई लागु गर्नेछ ।

(ङ) संस्थागत विद्यालय तथा क्याम्पसहरूमा अध्ययन गर्ने दलित विद्यार्थीलाई पूर्ण छात्रवृतीमा निःशुल्क अध्ययन गर्ने व्यवस्था मिलाउनेछ । र, सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

(च) त्रियुगा नगरपालिकाले नगरपालिकाभित्रका सबै विद्यालयलाई छुवाछुत र भेदभाव रहित दलितमैत्री विद्यालय निर्माणका लागि विशेष कार्यक्रम बनाएर कार्यन्वयन गर्नेछ ।

(छ) विद्यालय एवम् महाविद्यालयका पाठ्यक्रम, पाठ्यपुस्तक वा अन्य शैक्षिक सामाग्रिहरूमा जातिय भेदभावलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने खालका सांकेतिक भाषा चित्र वा कुनै पनि विषय वा सामाग्रीहरूलाई भएमा त्यसलाई हटाउन आवश्यक कदम चालिनेछ ।

(ज) त्रियुगा नगरपालिकाले सामाजिक व्यवस्थाको परिवर्तनको लागि समतामुलक समाजको निर्माण गर्न दलित समुदायको ऐतिहासिक व्यक्तित्वहरूको जीवनी

त्रियुगा नगरपालिकामा विकास गरिने अतिरिक्त पाठ्य सामाग्रीहरूमा अनिवार्य समावेश गराईनेछ ।

(झ) समाजमा जातिय विभेद हटाइ समतामूलक समाज निर्माण गर्ने खालका कार्यक्रमहरू बनाई कार्यन्वयन गर्ने र तत्सम्बन्धि प्रचार प्रसार गर्ने गराउनेछ ।

(ञ) विद्यालय जाने विपन्न बालबालिकाहरूलाई विद्यालयले प्रदान गर्ने खाजा नभएमा दिवा खाजाको व्यवस्था गरिनेछ ।

(ट) प्रत्येक विद्यालयमा कम्तिमा एक जना दलित शिक्षक राख्ने र व्यवस्थापन समितिमा दलित समुदायको अनिवार्य प्रतिनिधित्वको नीतिगत व्यवस्था गरी लागु गर्ने गराउने ।

## परिच्छेद-४

## स्वास्थ्य सम्बन्धी व्यवस्था

९. **दलित समुदायलाई निःशुल्क स्वास्थ्य**

(१) नेपालको संविधानको धारा ३५ र ४० तथा उपधारा ३ अनुसारदलित समुदायलाई निःशुल्क एवंम् गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन त्रियुगा नगरपालिकाले देहायको व्यवस्था मिलाउनेछ ।

(क) त्रियुगा नगरपालिकाले उपदफा १ बमोजिम दलित समुदायलाई निःशुल्क एवंम् गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन नीति, योजना र कार्यक्रम बनाई कार्यन्वयन गर्नेछ ।

(ख) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले प्रदान गर्ने स्वास्थ्य निःशुल्क स्वास्थ्य सेवाको प्रभावकारीता र गुणस्तरीयतालाई अनुगमन गर्नुकासाथै आवश्यक सुझाव र निर्देशन दिनेछ ।

(ग) त्रियुगा नगरपालिकामा बसोबास गर्ने दलित समुदायका लागि आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिकासँग समन्वय गरी "निःशुल्क स्वास्थ्य सेवा कार्ड" को आवश्यक व्यवस्था गरिनेछ ।

(घ) विपन्न एवंम् अति सिमान्तकृत दलित परिवारको लगत तयार गरी त्यस्ता परिवारको निःशुल्क तथा अनिवार्य स्वास्थ्य बिमाको नीति लागु गरिनेछ ।

(ङ) विशेष जटिल प्रकृतिका रोगहरूमा विशिष्टीकृत स्वास्थ्य सेवाको हकमा दलितका विपन्न परिवारहरूलाई निर्दिष्ट गरिएका स्वास्थ्य संस्थाहरूबाट औषधि सहित निःशुल्क सेवा प्रदान गर्ने व्यवस्था गरिनेछ र यसको लागि आवश्यक कार्यविधि बनाई लागु गरिने छ ।

(च) दलित महिला खासगरि गर्भवती तथा सुत्केरी महिलाहरूको लागि आवश्यक पोषणको लागि विशेष भत्ताको व्यवस्था गरिनेछ ।

(छ) नेपाल सरकारले ५ वर्षमुनिका दलित बालबालिकाहरूलाई उपलब्ध गराउने पोषण भत्ताको कार्यन्वयन तथा अनुगमन गरिनुका साथै विपन्न परिवारका बालबालिकाहरूलाई थप पोषणको व्यवस्था गरिनेछ ।

(ज) दलित समुदायका जेष्ठ नागरिकलाई नियमित स्वास्थ्य जाँचको लागि "घरघरमा स्वास्थ्यकर्मी" को सेवा व्यवस्था गरी नियमित उपचारको व्यवस्था गरिनेछ ।

(झ) स्वास्थ्य स्वयमसेविकाहरू भर्ना गर्दा समावेशी रणनीति अपनाई दलित महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गरिनेछ । दलित समुदायबाट स्वास्थ्य स्वयमसेविकाहरू उत्पादन गर्ने विशेष कार्यक्रम लागु गरिनेछ ।

(ञ) पालिका तहमा स्वास्थ्य सेवा सम्बन्धी अन्य कर्मचारीहरूको भर्ना गर्दा समावेशी रणनीति अपनाइनुका साथै दलितका स्वास्थ्यकर्मीहरूलाई अनिवार्य भर्नाको व्यवस्था गरिनेछ ।

(ट) दलित समुदायको जेष्ठ नागरिक, दिर्घ रोगी र अति बिपन्न परिवारको सम्पूर्ण स्वास्थ्य परिक्षण नियमित गर्ने व्यवस्था गरिनेछ ।

## परिच्छेद–५

## सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

### १०. दलित समुदायलाई सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था

(१) नेपालको संविधानको धारा ४० तथा उपधारा ३ अनुसार दलितलाई विशेष सामाजिक सुरक्षाको व्यवस्था मिलाईनेछ ।

(क) संघीय सरकारले ६० वर्ष उमेर पुरा भई ६८ वर्ष नपुगेका दलित समुदायका नागरिकहरूलाई नगरपालिकाले "नगर प्रमुख सामाजिक सुरक्षा विशेष भत्ता" प्रदान गरिनेछ ।

(ख) त्रियुगा नगरपालिकाले सबै जेष्ठ नागरिकहरूको लगत राख्दा दलित समुदायका जेष्ठ नागरिकहरूको छुट्टै लगत राख्नेछ र त्यसको अनुगमन दलित उत्थान विकास समितिले गर्नेछ ।

(ग) एकल दलित महिला र पुरूषहरूको पनि छुट्टै लगत तयार गरि "एकलसंग प्रदेश सरकार" विशेष भत्ता प्रदान गरिनेछ ।

(घ) काम गर्ने उमेर समूहका बेरोजगार दलितहरूलाई छुट्टै कार्यविधि बनाई

बेरोजगार भत्ता प्रदान गरिनेछ र उनिहरूलाई उचित रोजगारीको व्यवस्था गरिनेछ यसरी रोजगारी पाएको अव्थामा त्यस्तो भत्ता स्वतःबन्द हुनेछ ।

(ङ) विपन्न दलित परिवारको पहिचान सर्वेक्षण गरी त्यस्ता परिवारको जिविकोपार्जनको लागि आवश्यक आर्थिक प्रबन्ध गर्ने ।

(च) सामाजिक कुरिति, विकृति र बिसङ्गती विरूध्द किशोरकिशोरी जागरण कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद–६

## दलित समुदायको परम्परागत पेशा, सीप तथा व्यवसायको विकास सम्बन्धी व्यवस्था

**११. परम्परागत सीप तथा व्यवसायको विकास सम्बन्धी व्यवस्था**

(१) नेपालको संविधानको धारा ४० को उपधारा ४ अनुसार दलित समुदायको परम्परागत सीप तथा व्यवसायको विकास, आधुनिकीकरण तथा बजारीकरणको लागि देहाय बमोजिमको व्यवस्था मिलाईनेछ ।

(क) संघीय सरकारले कार्यन्वयनमा ल्याएको वा ल्याउने "भगतसर्वजीत सीप विकास तथा उत्थानको कार्यक्रम" लाई लागु गरिनेछ ।

(ख) दलितहरूको परम्परागत सीप तथा व्यवसायकलाई आधुनिकिकरण गर्नको लागि आवश्यक सीप विकासको तालिम, औद्योगिकरण तथा बजारीकरणका साथै पुँजीको व्यवस्था गर्न आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ ।

(ग) परम्परागत सीप जानेका तथा त्यसको शैक्षिक मान्यता प्राप्त नगरेकाहरूलाई सीप परिक्षण र स्तरीकरण गरी शैक्षिक स्तर निर्धारण गरी प्रमाणपत्र प्रदान गरिनेछ । यसका लागि ऋत्भ्ख्ट सँग समन्वय र सहकार्य गरिनेछ । ऋत्भ्ख्ट ले मान्यता दिन नसक्ने अवस्थाका पेशालाई मान्यता दिलाउन आवश्यक सहकार्य र टेवा दिईनेछ ।

(घ) दलितका परम्परागत सीप तथा व्यवसायको संरक्षण, प्रवर्द्धन, सशक्तिकरण तथा विकासका लागि एउटा महाविद्यालय स्थापना गरी संञ्चालन गरिनेछ । यसबाट उत्पादित जनशक्तिलाई दफा १७ (१)(ख) बमोजिमको उद्योगहरूमा खपत गर्ने वा स्वरोजगार बन्न आवश्यक सबै व्यवस्था मिलाईनेछ । यसका लागि आवश्यक कार्यविधि बनाईनेछ ।

(ङ) दलितहरूको परम्परागत तथा मौलिक पेशाहरूलाई बौद्धिक अधिकार प्रदान गर्नको लागि आवश्यक पहल प्रदेश तथा केन्द्र सरकार समक्ष गरिनेछ ।

(च) दलित समुदायको परम्परागत पेशा, सीप, कला तथा संस्कृतीको संरक्षण तथा प्रवर्द्धनका लागि एउटा संग्राहलयको स्थापना र संञ्चालन गरिनेछ। यसलाई आन्तरिक तथा बाह्य पर्यटकिय स्थलको रूपमा विकास गरिनेछ।

(छ) दलितहरूको उद्यम विकास गर्नको लागि स्थानीय तहमा संञ्चालित बैंक तथा वितीय संस्था, घरेलु सेवा, परियोजना, उद्योग वाणिज्य संघ आदि संग सम्पर्क, समन्वय र सहजिकरण गरिनेछ।

(ज) व्यवसाय गर्न चाहने दलित युवालाई नगरपालिकाको जमानिमा बिना धितो बैंकबाट व्यावसायिक सहुलिय कर्जा उपलब्ध गराईनेछ। नगरपालिकाले प्रदान गर्ने विभिन्न खालका सीपमूलक तालिमसंग दलितका परम्परागत पेशालाई पनि जोडिनेछ।

(झ) जातको आधारमा तोकिएको सफाई कार्य, जुत्ताचप्पल मर्मत कार्य जस्ता कार्यलाई आधुनिक सीप, प्रविधिसंग जोड्दै सम्मानित र मर्यादित पेशाको रूपमा रूपान्तरण गरिनेछ।

## परिच्छेद–७

## एकपटक जमीन उपलब्ध गराउने व्यवस्था

**१२. भुमीहिन दलितलाई एकपटक जमीन उपलब्ध गराउने व्यवस्था**

(१) नेपालको संविधानको धारा ४० को उपधारा ५ र भुमी सम्बन्धी ऐन २०७४ अनुसार भुमीहिन दलितहरूलाई संविधानले प्रदत्त गरे अनुसार एकपटक जमीन उपलब्ध गराउन आवश्यक देहायको व्यवस्था मिलाईनेछ।

(क) भुमीहिन दलितलाई जमीन उपलब्ध गराउँदा भुमी अधिकार आयोगसंग समन्वय गरी न्यूनतम जीविकोपार्जन हुने गरी उपलब्ध गराउने व्यवस्था गरिनेछ।

(ख) जमीन उपलब्ध गराउँदा सम्बन्धित परिवारको आर्थिक तथा रोजगारीको अवस्था विश्लेषण गरी आवासका लागि र जीविकोपार्जनका लागि भनि अलग अलग किटान गरी उपलब्ध गरईने छ। यसको लागि आवश्यक छुट्टै कार्यविधि बनाईने छ।

(ग) जमीन उपलब्ध गराउँदा मापदण्ड तयार गरी वितरण गरिनेछ।

(घ) जग्गाको लगत लिने तथा भुमीहिन दलितको लगत निकाल्ने कार्य पालिकाले गर्नेछ यसका लागि आवश्यक कार्यविधि बनाईनेछ।

(ङ) जमीन उपलब्ध गराउँदा श्रीमान तथा श्रीमती दुवैजनाको नाममा संयुक्त लालपुर्जा दिईनेछ ।

(च) एकपटक उपलब्ध गराईएको जमीन कम्तिमा पनि १० वर्ष सम्म बेचबिखन गर्न पाईनेछैन । तर अंशियारलाई अंश दिनुपर्ने अवस्था र आयआर्जन वा उद्यम संञ्चालन गर्न आवश्यक देखिएमा धितो राख्न सकिनेछ तर त्यसको स्वीकृति अधिकार प्राप्त सरकारी निकायबाट लिनुपर्नेछ ।

(छ) नागरिकताबाट बञ्चित दलित समुदायलाई भूमिअधिकार सुनिश्चित हुने आवश्यक व्यवस्था मिलाईनेछ ।

## परिच्छेद-८
## आवास उपलब्ध गराउने व्यवस्था

१३. **आवास विहिन दलितहरूलाई आवास उपलब्ध गराउने व्यवस्था**
नेपालको संविधानको धारा ४० को उपधारा ६ मा व्यवस्था भए अनुसार आवास विहिन दलितहरूलाई एकपटक आवास उपलब्ध गराउन देहाय बमोजिमको व्यवस्था गरिनेछ ।

(क) संघ, प्रदेश तथा त्रियुगा नगरपालिकाले जनता आवास कार्यक्रमलाई समेत धारा ४० को ६ बमोजिमको कार्यक्रमसंग समन्वय गरी संञ्चालन गरिनेछ ।

(ख) आवास उपलब्ध गराउँदा सरकारबाट जमीन प्राप्त भुमीहिन दलितहरूलाई पहिलो प्राथमिकता दिइने छ । आफ्नो जग्गा भएका तर आवास निर्माण गर्न नसक्ने दलितहरूलाई पनि क्रमशः आवासको व्यवस्था गर्दै लगिनेछ । यस्तो कार्य ऐन जारी भएको पाँच वर्षभित्र सम्पन्न गर्ने गरी कार्यविधि बनाई लागु गरिनेछ ।

(ग) बजार क्षेत्रमाबाहेक अन्यत्र आवासको लागि जग्गा वितरण गर्दा कमसेकम करेसाबारी उपलब्ध हुने आधारमा जग्गा वितरण गरिने छ ।

(घ) आवास निर्माण गर्दा सामुहिक आवास निर्माणमा जोड दिइनेछ जसले गर्दा अन्य पूर्वाधार तथा सेवाहरू उपलब्ध गराउन सहज हुनुकासाथै सामुदायिक भावनाको पनि विकास हुनेछ ।

(ङ) आवास निर्माण तथा बस्ती विकास गर्दा अन्य समुदायसंग दलितको अन्तरघुलनको अवस्थालाई पनि मध्यनजर गरी अन्य गैरदलित भएको बस्ति नजिक आवास निर्माणमा प्रोत्साहित गरिनेछ ।

(च) आवास भवन निर्माण गर्दा संयुक्त परिवार र एकल परिवारलाई अलग-अलग मापदण्ड बनाई सोही आधारमा वितरण गरिने छ ।

(छ) आवास भवन निर्माणमा आधुनिक भूकम्प प्रतिरोधात्मक मापदण्डको चार कोठे पक्कि घर निर्माण गरिनेछ ।

(ज) सरकारी अनुदानबाट प्राप्त घरलाई कम्तिमा १० वर्ष सम्म बेच्न पाईनेछैन । तर अधिकार प्राप्त अधिकारीसंगको स्वीकृतीमा आय आर्जन तथा उद्यम सञ्चालन गर्नको लागि धितो राख्न सकिनेछ ।

## परिच्छेद-९

## पालिकाका सबै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व सम्बन्धी व्यवस्था

१४. नगरपालिकाका सबै निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउने व्यवस्था

(१) नेपालको संविधानको धारा ४० को उपधारा १ अनुसार त्रियुगा नगरपालिकाका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा देहाय बमोजिमको प्रतिनिधित्वको व्यवस्था मिलाईनेछ ।

(क) त्रियुगा नगरपालिका अन्तर्गत रहने कुनै पनि निकाय तथा सेवा केन्द्रहरूमा दरबन्दी खुल्दा समानुपातिक समावेशी सिद्धान्तको आधारमा भर्ना लिईनेछ । कोटा छुट्याउन नमिल्ने अवस्थामा कम्तिमा पनि एक जना दलित महिला वा पुरूषलाई भर्ना गरिनेछ । समानुपातिक प्रतिनिधित्व सुनिश्चितताका लागि ऐन जारी भएको २ वर्षभित्र सामुहिक प्रवेशको नीति अबलम्बन गरिनेछ ।

(ख) संघ, प्रदेश तहमा खोलिएको लोक सेवा तथा अन्य निकायको दरबन्दी खुल्दा त्यसमा प्रतिस्पर्धा गर्न सक्ने बनाउनका लागि आवश्यक तयारी कक्षा संञ्चालन गरिनेछ र अति गरिब परिवारका दलितलाई निःशुल्क पढाईनेछ ।

(ग) त्रियुगा नगरपालिका अन्तर्गतका सुरक्षा निकाय नगर प्रहरीमा भर्ना हुनको लागि आवश्यक न्यूनतम योग्यता पुगेका दलितहरूलाई त्यहाँ पुऱ्याउनका लागि तयारी कक्षा तथा शारीरिक सक्षमताको कम्तिमा तीन महिनाको निःशुल्क तालिम प्रदान गरिनेछ ।

(घ) सामाजिक संघसंस्था, उपभोक्ता समिति लगायत टोल/बस्ति तहदेखि नगर तहसम्म बन्ने समिति, उपसमितिहरूमा समानुपातिक समावेशी अनुरूप प्रतिनिधित्व तथा पदाधिकारी हुने व्यवस्था गरिनेछ ।

## परिच्छेद-१०

## छुवाछुत तथा जातिय विभेद उन्मुलन सम्बन्धी व्यवस्था

**१५. छुवाछुत तथा जातिय विभेद उन्मुलन सम्बन्धी व्यवस्था**

(१) नेपालको संविधानको धारा २४ तथा जातिय तथा अन्य सामाजिक छुवाछुत कसुर र सजाय ऐन, २०६८ का लागि देहाय बमोजिमको कार्य गरिनेछ ।

(क) नगरपालिकाका नगर प्रमुखको नेतृत्व र सम्बन्धित सबै सरोकारवालाहरूको सहभागितामा छुवाछुत तथा जातिय विभेद उन्मुलन सम्बन्धी नगरपालिका स्तरीय सामाजिक चेतना अभियान संञ्चालन गर्ने,

(ख) छुवाछुत तथा जातिय विभेद उन्मुलन निगरानी डेस्कको स्थापना त्रियुगा नगरपालिकाले छुवाछुत तथा जातिय विभेद उन्मुलनका लागि देहाय बमोजिमको छुवाछुत तथा जातिय विभेद उन्मुलन निगरानी डेस्कको स्थापना गर्नेछ:

(ग) उक्त (ख)(१) बमोजिमका डेस्कमा दलित समुदायका प्रतिनिधिलाई जिम्मेवारी दिईनेछ । उक्त व्यक्तिले डेस्कमा प्राप्त उजुरी एवं निवेदन तोकिए बमोजिम सम्बन्धित शाखामा वा निकायमा प्रेसित गर्नुपर्नेछ ।

(घ) निगरानी डेस्कको अन्य काम, कर्तव्य र अधिकार कार्यालय प्रमुखले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-११

## विविध

**१६. विशेष व्यवस्था**

(१) त्रियुगा नगरपालिकाले विपन्न दलित समुदायलाई सहुलियत दरमा रासन उपलब्ध गराउन रासन कार्डको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको रासन कार्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम रासन कार्ड प्राप्त भएका दलित समुदायलाई अति आवश्यक खाद्यान्न वस्तु सहुलियत दरमा उपलब्ध गराउनेछ ।

**१७. उजुरी गर्न सक्ने**

जातिय भेदभाव तथा छुवाछुतको घटनामा पीडित व्यक्ति वा उनका आफन्तले दफा २२ को उपदफा (१) को (ख) बमोजिम गठन भएको समितिमा उजुरी गर्न सक्नेछ ।

**१८. प्रतिवेदन पेश गर्नुपर्ने**

(१) दफा ७ बमोजिम गठन भएको समितिले प्रत्येक आर्थिक वर्षको प्रतिवेदन देहाय बमोजिम तयारी गर्नु पर्नेछ ।

(क) चालु आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र गत आर्थिक वर्षमा गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन तयारी गर्नुपर्नेछ ।

(ख) उपदफा १(क) बमोजिमको उक्त प्रतिवेदन नगर प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(ग) उपदफा १(क) बमोजिमको प्रतिवेदन त्रियुगा नगरपालिकाले नगर सभामा पेश गर्नुपर्नेछ ।

(घ) उपदफा (ग) बमोजिम पेश भएको प्रतिवेदनमाथि छलफल नगर सभामा हुनेछ ।

(४) यस दफा बमोजिमको प्रतिवेदनमा नगरपालिका सभाले नगरपालिका सम्बन्धित समितिलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिनेछ ।

**१९. नियम बनाउन सक्ने**

यस ऐनको उद्देश्य कार्यन्वयन गर्न नगरपालिकाले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

**२०. कार्यविधि तथा निर्देशिका बनाउने अधिकार**

यस ऐनको कार्यन्वयन गर्न नगरपालिका तहका अनुगमन समिति र विकास समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरी आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले

प्रमाणिकरण मितिः २०८०/११/२२

विष्णु भक्त सिग्देल

प्रमुख प्रशासकीय अधिकृत